## अभिलेखबाट

# नीति अनुसन्धान प्रतिष्ठानको परिचय र कार्यदिशा

**चैतन्य मिश्र**

*असोज ५, २०७५ मा नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकले विकास समिति ऐन, २०१३ अनुरूप "नीति अनुसन्धान प्रतिष्ठान" स्थापना गर्ने निर्णय गऱ्यो । राष्ट्रिय महत्त्व तथा सार्वजनिक सरोकारका विषयमा गहन अध्ययन-अनुसन्धान गरी सरकारलाई नीतिगत सुझाव दिन प्रतिष्ठान स्थापना गरिएको जनाइएको छ । विज्ञ समूहले सञ्चालन गर्ने भनी कल्पना गरिएको यस प्रतिष्ठानलाई सरकारी "थिंक ट्यांक" को रूपमा विकास गर्ने लक्ष्य राज्यको देखिन्छ । प्रतिष्ठान स्थापना भएको करिब एक वर्षपछि (मंसिर २५, २०७६) सरकारले प्रतिष्ठान गठन सम्बन्धी विधेयकलाई राष्ट्रिय सभामा दर्ता गरेको छ । र, हाल यो विधेयक संसदमा छलफलको क्रममा छ । यसै सन्दर्भमा मंसिर ४, २०७५ मा भएको प्रतिष्ठानको पहिलो बैठकमा तत्कालीन कार्यकारी अध्यक्ष चैतन्य मिश्रले प्रतिष्ठानबारे प्रस्तुत गरेको अवधारणापत्रलाई सामान्य भाषिक सम्पादन गरी यहाँ प्रकाशित गरिएको छ । यसले प्रतिष्ठानबारे थप सार्वजनिक बहस सिर्जना गर्ने अपेक्षा हामीले राखेका छौँ ।*

– सम्पादक

***

नेपाल सरकारले हालै नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (यसपछि प्रतिष्ठान) गठन गरेको छ । सरकारले संसदको आगामी सत्रमा छुट्टै विधेयक पेश गर्नेछ र प्रतिष्ठान नेपालको कानून बमोजिम गठन हुनेछ ।

प्रतिष्ठान विज्ञहरूद्वारा निर्देशित र सञ्चालित स्वायत्त संस्था हो । हाल यसको सञ्चालक समितिमा कार्यकारी अध्यक्ष सहित पाँच जना नेपालका ख्यातिप्राप्त विज्ञ र अनुसन्धानकर्ताहरू छन् । यसका सदस्यहरूमा सर्वश्री डा. मीना आचार्य, प्रा. राजेन्द्रध्वज जोशी, प्रा. सुरेन्द्र लाभ र डा. गणेश गुरुङ हुनुहुन्छ भने कार्यकारी अध्यक्षमा चैतन्य मिश्र हुनुहुन्छ । नेपालको इतिहासको वर्तमान विन्दुको वजन, गाम्भीर्य र सम्भावना आकलन

*समाज अध्ययन* १५ : २७९–२८४, २०७७

गरेर सरकारले यो प्रतिष्ठान स्थापना गर्ने अठोट गरेको हुनुपर्छ भन्ने हामीलाई लाग्छ । हामी पाँच जनालाई सञ्चालक नियुक्त गरेकोमा हामी सरकारलाई धन्यवाद दिन चाहन्छौँ ।

प्रतिष्ठानको मूल उद्देश्य नेपालको संवैधानिक संरचना कायम राख्न र संविधानमा निर्दिष्ट उद्देश्यहरू हासिल गर्न आवश्यक नीतिहरूको पुनरावलोकन र विश्लेषण गर्नु हो । यस अन्तर्गत निम्न विशिष्ट उद्देश्यहरू पर्दछन् :

क) एकातिर संविधान, कानून, नीति र अर्कोतिर वास्तविक व्यवहार, अभ्यास, चलनका बीच रहेका असामञ्जस्यता र अन्तरविरोधहरूमाथि प्रकाश छर्ने र सो सम्याउन र हल गर्न आवश्यक नीतिहरूको खोजी गर्ने,

ख) मुलुकको समग्र र क्षेत्रीय विकास र समृद्धि हासिल गर्न के-कस्ता आर्थिक वृद्धि, लगानी वृद्धि, रोजगारी विस्तार, सार्वजनिक सेवा सम्बन्धी, लोककल्याणकारी आदि नीतिहरू अख्तियार गरिनुपर्छ सोबारे स्थापित नीति र कार्यक्रम लगायत अभ्यासहरूको पुनरावलोकन, विश्लेषण र परिमार्जन गर्ने,

ग) विकास र समृद्धिका मूल औजार र साथै अवरोधहरूमध्ये शासकीय पद्धति र अभ्यास हुने हुनाले कार्यपालिका, विधायिका आदिका शासकीय पद्धतिका सबलता र दुर्बलताहरू खुट्ट्याउँदै सो सम्बन्धी उपयुक्त नीति र परिपाटीहरू पुनरावलोकन र परिमार्जन गर्ने,

घ) लोकतन्त्रमा मुलुकका सबै नागरिकहरू सिद्धान्त र कानूनमा समान हुने र व्यवहारमा समान तुल्याउनुपर्ने भएको हुदाँ खास गरेर जन्मदै प्राप्त हुने वा थोपरिने सांस्कृतिक, राजनीतिक र केही हदमा आर्थिक हैसियत र यसबाट निःसृत हुने भेदभाव तथा असमानताको न्यूनीकरण गर्न के-कस्ता संरचना, नीति र अभ्यास आवश्यक छन् सोबारे प्रकाश पार्ने,

ङ) वर्तमान क्षेत्रीय र विश्व ऐतिहासिक संरचना, प्रवाह र विन्दु समेतको आकलनको आधारमा नेपालको वस्तुस्थिति तथा प्रवाहको आकलन र नीति विश्लेषण र पुनरावलोकन मार्फत नेपाल सरकारको उद्देश्य पुरा गर्न सहयोग गर्ने,

च) उपयुक्त आकलनहरूमध्ये अधिकांश सार्वजनिक सूचना, ज्ञान र बहसका लागि प्रवाहित गर्ने र मुलुकमा सूचनामा आधारित र तापभन्दा प्रकाश छर्ने नीतिगत बहसलाई टेवा दिने ।

प्रतिष्ठानले दुई किसिमले आफ्नो कामको सिर्जना गर्नेछ । एक, प्रतिष्ठानले सरकारका मन्त्रालय, विभाग र अन्य अंगहरूबाट प्रवाहित हुने सूचना, विमर्श र मागको आधारमा नीति विश्लेषण र पुनरावलोकन गर्नेछ । अर्थात्, प्रतिष्ठानले नेपाल सरकारका मन्त्री, सचिव र अन्य पदाधिकारीहरूसँग परामर्श गर्ने र उहाँहरूले नेतृत्व गर्नुभएको कार्यालयहरूको उद्देश्य, नीति, कार्यक्रम, योजना आदि सफलतापूर्वक हासिल गर्ने क्रममा आइपरेका वा आइपर्न सक्ने दैनन्दिन तहका नभएर मूलभूत वा व्यापक महत्त्वका समस्याहरू के हुन् र तिनका

उपयुक्त नीतिगत हलहरू के हुन सक्छन् भन्नेबारे अध्ययन गर्छ र सुझाव दिन्छ । उक्त नीतिगत विश्लेषण र पुनरावलोकन गर्ने काममा सोही मन्त्रालय, विभाग वा अन्य अंगका वरिष्ठ कर्मचारीलाई समेत संलग्न गरिनेछ । यसरी सहकार्य गर्दा विश्लेषण र पुनरावलोकन गर्ने समूहलाई सो मन्त्रालय वा निकायबारे निरन्तर सुसूचित भैरहने मौका प्राप्त हुन्छ । उता विश्लेषणका निचोडहरूको गाम्भीर्य बुझ्न र सो विश्लेषणबाट निस्केका सुझावहरू लागू गर्न सो मन्त्रालय वा निकायलाई सहज बन्छ । विश्लेषणबाट निस्केका सुझावहरू लागू गर्न मन्त्रालय वा अन्य निकायलाई प्रतिष्ठानले प्रारम्भिक मद्दत समेत गर्छ ।

सरकारका मन्त्रालय वा अन्य अंगहरूले प्रतिष्ठानसँग सहकार्य गर्न प्रधानमन्त्री वा मन्त्रीपरिषद्को कार्यालय मार्फत सम्पर्क राख्नुपर्ने छ ।

प्रतिष्ठानले नीति अनुसन्धानको क्षेत्र आफैले पनि निर्धारण गर्नेछ । प्रतिष्ठानले कार्यभार सिर्जना गर्ने यो दोस्रो पद्धति हो । आफैले कार्यभार सिर्जना गर्दा प्रतिष्ठानले दैनन्दिन तहको नभएर उच्च र मध्यम व्यापकता ओगटेका र मुलुकको शासन र जनजीवनमा तुलनात्मक रूपले व्यापक प्रभाव पार्नसक्ने नीतिहरू पुनरावलोकन गर्न प्राथमिकता दिनेछ । साथै, प्रतिष्ठानले खासखास नीतिहरूबारे विश्लेषण र पुनरावलोकन गर्ने निधोमा पुग्दा सो नीति विश्लेषण र पुनरावलोकनले व्यापक असर पार्न सक्ने सरकारका खासखास अंगका पदाधिकारी लगायत राष्ट्रिय जीवनमा महत्त्वपूर्ण प्रभाव राख्ने व्यक्तिहरूसँग परामर्श गर्नेछ । साथै, आमसञ्चारमा उच्च गम्भीरता सहित उल्लेख्य स्थान ओगटेका र संविधान, कानून, स्थापित नीति आदिसँग व्यापक र तीखो विरोधाभास रहेका नीति र व्यवहारका क्षेत्रहरूको अध्ययनलाई प्राथमिकता दिनेछ । नीति र व्यवहारबीच रहेको चौडा र गहिरो खाडल कसरी पुर्दै जान सकिन्छ भन्नेबारे प्रतिष्ठानले उच्च चासो राख्नेछ ।

तुलनात्मक हिसाबले व्यापकता बोकेका नीति र व्यवहारका क्षेत्रहरूमध्ये शासकीय पद्धतिलाई उदाहरणका रूपमा लिन सकिन्छ । र यसबारे अध्ययन गर्न सकिन्छ । यसै गरी एकातिर संविधानमा निहित उद्देश्य र अर्कोतिर सरकारको आवधिक र वार्षिक बजेट व्यवस्थाबीच के-कति सामञ्जस्य छ वा छैन भन्ने विषयलाई पनि छनोट गर्न सकिन्छ । खाद्यान्य र ऊर्जामा मुलुक कसरी क्रमशः स्वावलम्बी बन्दै जान सक्छ भन्ने पनि नीति अनुसन्धानको विषय बन्न सक्छ । जात-जातीयता, लैंगिकता, क्षेत्रीयता, वर्गीयता र गरिबी आदिको वैषम्य कसरी न्यूनीकरण गर्न सकिन्छ र संविधानमा अंकित नागरिक समानता, लोकतान्त्रिक समाजवाद लगायत विभिन्न नागरिक अधिकारहरू क्रमशः हासिल गर्न सकिन्छ भन्ने दृष्टिकोण राख्दै सो सम्बन्धी नीति र व्यवहारको विश्लेषण र पुनरावलोकनबारे पनि अध्ययन गर्न सकिन्छ । प्रतिष्ठानले अधिकांशतः यस्ता नीतिगत अध्ययनहरू सरकारका लगायत अन्य विज्ञहरूसँग सम्पर्कमा रहेर सम्पन्न गर्नेछ ।

प्रतिष्ठानको कार्यक्षेत्रको दायरा फराकिलो छ । गठन आदेश अनुसार प्रतिष्ठानको कार्यादेशमा मुलुकको सामाजिक, आर्थिक, राजनीतिक, सुरक्षा र परराष्ट्र सम्बन्ध लगायत विकास निर्माण सम्बन्धी कार्य क्षेत्रहरू समेटिएका छन् । यो व्यापक कार्याधिकार क्षेत्रभित्र प्राथमिकता निर्धारण गर्ने काम चुनौतीपूर्ण हुने निश्चित छ । त्यस्तै चुनौती उच्च प्राज्ञिक व्यावसायिकता प्रदर्शन गरेका अध्येताहरूलाई आकर्षित गर्न सक्नुमा पनि छ । त्यस्ता अध्येताहरूलाई प्रतिष्ठानले तुलनात्मक हिसाबले मध्यमस्तरको पारितोषिक प्रदान गर्न सक्छ । तर मुलुकले लिएको नीति र सो सञ्चालन गर्ने परिपाटीको पुनरावलोकनमा ध्यान केन्द्रित गर्न पाइने र सही सोच र प्रमाणमा आधारित पुनरावलोकन पश्चात् निस्कने सुझावहरू लागू भएको अनुभव बटुल्न पाइने काम व्यावसायिक र व्यक्तिगत दुवै हिसाबले अत्यन्तै महत्त्वपूर्ण र सुखद अवसर पनि हो । साथै, आफ्नो नीतिगत काम सार्वजनिक गर्न पाउनु, पाठकलाई सुसूचित र सुविचारित तुल्याउन पाउनु तथा वैचारिक बहसमा उत्रिन पाउनु कम सौभाग्यको अवसर होइन । तसर्थ, उच्च प्राज्ञिक व्यावसायिकता बोकेका अध्येताहरू यस प्रतिष्ठानले आकर्षित गर्न सक्नेछ भन्ने विश्वास लिन सकिन्छ ।

आगामी दिनहरूका मुख्य चुनौती भने नीति पुनरावलोकन पश्चात् नवीन नीतिगत सुझावहरू लागू गर्ने क्रममा उजागर हुन सक्छ । यस्तो प्रतिक्रिया धेरै कोण र संस्थाहरूबाट आउन सक्छ । यस्तो स्थितिमा प्रतिष्ठानले विनम्रतापूर्वक पुनरावलोकन गरिएको नीति प्रथमतः संविधानको कसीमा घोटेर स्थापित गर्न कोसिस गर्नेछ । दोस्रो, निर्वाचित संसद्द्वारा स्वीकृत आवधिक तथा वार्षिक योजना, नीति, कार्यक्रम र बजेटको प्रकृतिको आधारमा समेत प्रतिष्ठानले अघिसारेका नवीन नीतिगत सुझावहरूको औचित्य स्थापित गर्ने कोसिस हुनेछ । तेस्रो, नवीन नीतिगत सुझावहरूको वैधता वर्तमान क्षेत्रीय र विश्व ऐतिहासिक संरचना, प्रवाह र विन्दूको प्रकृतिको आधारमा पनि प्रतिष्ठानले स्थापित गर्ने प्रयत्न गर्नेछ ।

केही हदमा नेपालमा नीति विश्लेषण गर्नको लागि आवश्यक सूचनाहरूको पनि सापेक्षिक अभाव छ । यो सापेक्षिक अभाव केही हदसम्म चुनौती बनेर रहनेछ । तर नवीन सूचना संकलन गर्ने काममा प्रतिष्ठान केही हदमा आफै लाग्नेछ र मुख्य गरेर त्यस्तो सूचना संकलन गर्ने काममा सरकारी र निजी अनुसन्धान संस्थाहरूलाई सहयोग गर्नेछ ।

तर यसको अर्थ नेपालमा सूचनाको नितान्त अभाव छ भन्ने लाग्दैन । कतिपय मुलुकहरूको दाँजोमा र कतिपय क्षेत्रहरूमा नेपालमा पाइन सक्ने सूचना पर्याप्त छ । अझ महत्त्वपूर्ण कुरा, सूचना संकलन गर्ने प्रणालीको यहाँ बलियो उपस्थिति छ । भएका सूचनाहरू एकत्रित, परिमार्जन र विश्लेषण गर्ने काममा प्रतिष्ठान सबलताका साथ लाग्नेछ । नीति विश्लेषण र पुनरावलोकनको मुख्य आधार सूचनाको पर्याप्तता र प्राप्त सूचनाको सही विश्लेषण नै हो ।

प्रतिष्ठानले दिएका सुझावहरूमा कहीँकतै कमी र कमजोरीहरू पनि छिर्न सक्छन् । त्यस्तो नहोस् भन्ने हेतुले अध्ययन टोलीबाट आएका सुझावहरूबारे प्रतिष्ठानभित्रै थप छलफल हुनेछ । उक्त परिमार्जित सुझावलाई सरकारका लाभग्राही अंगहरू र अन्य प्राज्ञहरूसँग फेरि छलफल गरेर मात्र अन्तिम रूप दिइनेछ । यस्तो त्रुटिले प्रतिष्ठानलाई भविष्यमा अझ सचेत तुल्याउनेछ ।

कतिपय सुझावहरूबारे केही हदमा प्रबुद्ध व्यक्ति, आमसञ्चार र सामाजिक सञ्जालमा विवाद सिर्जना हुने पनि निश्चित छ । वास्तवमा विवादास्पद नहुनु, नवीन सोच र सुझाव पहिचान गर्न नसक्नु, यथास्थिति खल्बल्याउन नखोज्नु र राजनीति, अर्थतन्त्र र समाजमा रहेका विसंगति र अन्तरविरोधको हल खोज्ने अठोट र प्रयत्न नगर्नुको परिणति पनि हो । नीति पुनरावलोकन धेरै हदमा विवादास्पद हुने गर्छ । तर विवादबीच प्रतिष्ठानको मुख्य काम धैर्यधारण गर्ने र विवादबाट पाठ सिक्नेतिर उन्मुख हुनेछ ।

विश्वका अन्य विश्वविद्यालय र अनुसन्धान संस्थाहरूसँग प्रतिष्ठानले पारस्परिक सहकार्य गर्न सक्छ । तर प्रतिष्ठानको खर्च मूलतः नेपाल सरकारले बेहोर्नेछ । सरकारले प्रतिष्ठानलाई बौद्धिक, प्रशासनिक र वित्तीय आदि किसिमले नियन्त्रण गर्ने छैन । नीति पुनरावलोकन र सार्वजनिक सूचना र ज्ञानको प्रवर्द्धनमा प्रतिष्ठानले गर्ने योगदानको सरकारले उच्च मूल्यांकन गर्नेछ ।

पुनरावलोकन गर्नुपर्ने नीतिको चयनको अन्तिम जिम्मेवारी प्रतिष्ठानको हुनेछ । तर प्रतिष्ठानले कुन नीति किन पुनरावलोकन गर्न आवश्यक छ भन्नेबारे सरकारका पदाधिकारी लगायत अन्य प्राज्ञ, नीति विश्लेषक आदिसँग परामर्श गर्नेछ । अध्ययनको दौरानमा प्रतिष्ठानले नेपालको विभिन्न भू-भाग, प्रदेश र गाउँ र नगरपालिका र त्यहाँका प्राज्ञ, राजनेता र आम नागरिकहरूको राय ग्रहण गर्नेछ । नीति पुनरावलोकन गर्दा यस्तो भ्रमण र विमर्शलाई उल्लेख्य महत्त्व दिइनेछ ।

प्रतिष्ठानले गरेका अध्ययन र सुझावको अन्तिम श्रेय र जवाफदेहिता दुवै अध्ययनकर्ताको हुनेछ । प्रतिष्ठानले सो सुझावहरूको पक्षपोषण गर्नेछ र लागू गराउने प्रयत्न गर्नेछ । प्रतिष्ठानले गरेको कामको जवाफदेहिता नेपाल सरकार, सरकारका मन्त्रालय वा अन्य अंगको हुने छैन ।

आगामी दुई वर्ष भित्रमा प्रतिष्ठानमा करिब २० जना जति अनुसन्धानकर्ताहरू हुनेछन् । प्रतिष्ठानले सायद आफ्नो आन्तरिक जनशक्ति त्यतिमै सीमित राख्नेछ । साथै, प्रतिष्ठानले प्रतिष्ठान बाहिरका नीति विश्लेषक र नीति विश्लेषक संस्थाहरूसँग सहकार्य गर्नेछ ।

प्रतिष्ठानको मुख्य उत्पादन चार प्रकारका हुनेछन् :

क) पहिलो उत्पादन नीतिपत्र हो । नीतिपत्र सटीक, सापेक्षिक हिसाबले साँघुरो तर गहिरो र छोटो हुनेछ ।

ख) दोस्रो उत्पादन नीति प्रतिवेदन हो । यो विहंगम र दूरदृष्टि सहितको र तुलनात्मक रूपमा लामो हुनेछ । यस्तो प्रतिवेदनको सारांश पनि तयार गरिनेछ । अधिकांश नीतिपत्र र नीति प्रतिवेदनका सारांशहरू सार्वजनिक सूचना, ज्ञान र बहसका लागि प्रकाशित गरिनेछन् ।

ग) तेस्रो उत्पादन प्रतिष्ठानका अध्ययनकर्ताहरूले आ-आफ्नै किसिमले पत्रपत्रिका, जर्नल आदिमा अध्ययनका निचोड तथा थप विश्लेषणहरू प्रकाशित गर्नेछन् ।

घ) चौथो उत्पादन अध्ययनकर्ताले आफ्नो अध्ययनमा उल्लेख भएका निष्कर्ष लागू गर्न सरकारका नीति-निर्माता र प्रशासकहरूसँग छलफल, अन्तर्क्रिया आदिमा दिने सुझाव र समय हो ।

## लेखक परिचय

**चैतन्य मिश्र** नेपालका चर्चित समाजशास्त्री हुन् । त्रिभुवन विश्वविद्यालयमा करिब चार दशक प्राध्यापन गरेर हालै सेवानिवृत्त भएका मिश्रले थुप्रै पुस्तक लेखन/सम्पादन गरेका छन् । उनको पछिल्लो पुस्तक *लोकतन्त्र र आजको मार्क्सवाद* (२०७६) हो । उनलाई सरकारले नीति अनुसन्धान प्रतिष्ठानको पहिलो कार्यकारी अध्यक्ष नियुक्त गरेको थियो, जसबाट उनले जेठ २०७६ मा राजीनामा दिएका थिए । इमेल : mishrachaitanya@gmail.com